# प्रदेश सभा
# गण्डकी प्रदेश
## दशौं अधिवेशन
## (सत्रौं बैठक)
## कार्यवाहीको सम्पूर्ण विवरण
## मिति :- २०७९।०३।२० गते

प्रदेश सभा, गण्डकी प्रदेशको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा दिनको १ बजेर २० मिनेटमा प्रारम्भ भयो ।

**माननीय सभामुखः-**

माननीय सदस्यहरू, आजको वैठकको कारवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरु, सर्वप्रथम म माननीय अर्थमन्त्री श्री रामजी प्रसाद वराल जिवनलाई मिति २०७९ असार १ गते सभा समक्ष प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७९।८० को राजश्व र व्ययको अनुमानको सम्बन्धमा आफ्नो भनाई सहितको वक्तव्य प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय अर्थमन्त्री रामजी प्रसाद वराल**

यो सम्मानित एवं गरीमामय सदनमा २०७९।८० को प्राथमिकता र सिद्धान्त प्रस्तुत भइसकेको छ । प्राथमिकता र सिद्धान्त सम्बन्धमा छलफल पनि सकिसकेका छौं । प्राथमिकता र सिद्धान्तलाई टेकेर नीति कार्यक्रम प्रस्तुत भएको छ र नीति कार्यक्रममा पनि व्यापक छलफल पछाडि उठेका विषयवस्तुहरुको बारेमा माननीय मुख्यमन्त्रीज्यूले स्पष्ट पारिसक्नु भएको छ । यो नीति कार्यक्रमलाई संवोधन हुने गरी २०७९।८० को बजेट वक्तव्य पनि प्रस्तुत भएको छ । बजेट वक्तव्यमा २०७८।७९ को संसोधित अनुमान र ०७९।८० को जो अनुमानित आय–व्यय पनि प्रस्तुत भइसकेको छ । स्वभाविक रुपमा बजेट वक्तव्यको सन्दर्भमा हामीले समग्र गण्डकी प्रदेशको परिस्थिति, गण्डकी प्रदेशको अवस्था, लगायतका विषयवस्तुहरुलाई मध्य नजर राख्दै ०७९।८० मा जसरी आय–व्ययको विनियोजन

भएको छ । स्वाभाविक रुपमा यो गरिमामय सदनमा माननीयज्यूहरुले असाध्यै गहन ढंगले विषयवस्तुमाथि छलफल गर्नुहुनेछ र रचनात्मक सुझावहरु पनि प्राप्त हुनेछन्, मैले अपेक्षा र विश्वास लिएको छु । यसर्थ, पेश भएको असार १ गते जो बजेट वक्तव्य हो, आय–व्यय हो, लामो समयसम्म छलफल हुन सकेन र आज हामी छलफलको प्रकृयामा प्रवेश गरेका छौं । म अपिल गर्न चाहन्छु, अनुरोध गर्न चाहन्छु, छलफलको प्रकृयामा । साँच्चै गहन प्रकारका सुझावहरु प्राप्त हुने छन् । मैले यही अपेक्षा विश्वाससहित छलफलको प्रकृया अगाडि बढ्ने छ भन्ने बुझाईसहित मेरा भनाई अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब माननीय अर्थमन्त्री श्री रामजी प्रसाद वराल जीवनले मिति २०७९ असार १ गते सभा समक्ष प्रस्तुत गर्नुभएको आ.व. २०७९।८० को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफल प्रारम्भ हुन्छ ।माननीय सदस्यहरुलाई छलफलको लागि १० मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र माननीय सदस्यहरुले आफ्नो भनाई राख्नु हुन अनुरोध गर्दछु । सर्वप्रथम माननीय सदस्य श्री किरण गुरुङ्गलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय किरण गुरुङ्ग**

माननीय सभामुखज्यू, अप्ठेरो महसुस भइरहेको छ, कहाँबाट सुरु गरौं ?आज ठ्याक्कै २० दिन भयो, गण्डकी प्रदेश सरकार हरायो । माननीय सभामुख महोदय, प्रदेश सभा हराएको पनि २० दिन पुग्यो । सञ्चारका धेरै माध्यमहरुले, सञ्चार माध्यमहरुले सरकार खोजिदिनका निम्ति धेरै पटक मलाई पनि आग्रह गरे, गण्डकी प्रदेश सरकार कहाँ छ ?बजेटको छलफल कहिले हुन्छ ? र मैले पत्रकार मित्रहरुलाई भनें, अब सरकार कहाँ छ, के छ ?त्यो मलाई थाहा छैन । तर पनि प्रतिपक्षकै हिसावले तपाईंहरुको प्रतिकृया के हो भनेर वहाँहरुले सोध्नुभयो । मलाई जवाफ दिन अप्ठेरो रह्यो । ५ दिनका निम्ति भूमिगत हुनका निम्ति हामीले सहमति जनाएका थियौं, ५ गतेबाट बजेट छलफल हुन्छ भनेर ५ दिन हामीले त्यो सहमति लिएका थियौं, तर २० दिनसम्म भूमिगत हुनुभयो । माननीय माओवादी केन्द्रका माननीयहरुलाई त

थाहा छ, भूमिगत जीवन कस्तो हुन्छ ? भूमिगत कसरी सुरुवात हुन्छ ? किन गरिन्छ ? तर काँग्रेसको नीति त मलाई लाग्छ, भूमिगत हुने नीति त कहिल्यै भएको जस्तो त लाग्दैनथ्यो, तर भूमिगत हुनुभयो, हराउनुभयो, हामीले खोज्दैरह्यौं । सञ्चार माध्यममा धेरै कुराहरु आए र हामीले यो सार्वभौम संसद भनेर भनिन्छ गण्डकी प्रदेशको, सार्वभौम अधिकार सम्पन्न यो संसदलाई वन्दी बनाइयो ।

माननीय सभामुख, हाम्रो सबैभन्दा प्रमुख माननीय सभामुख, तपाईले वन्दी बनाउनु भयो, तपाईं आफै वन्दी हुनुभयो, सरकारको वन्दी हुनुभयो र अहिले २० दिन पछि हामी यहाँ छलफलमा छौं । म सभामुख मार्फत प्रश्न राख्न चाहन्छु, माननीय अर्थमन्त्रीज्यू, तपाईं अर्थ मन्त्री कि अनर्थ मन्त्री ? यत्रो २० दिनसम्म वन्दी बनाउन पाईन्छ ? संसदलाई वन्दी बनाउनु पाइन्छ ? माननीय मुख्यमन्त्री ज्यू ? यत्रो २० दिनसम्म भूमिगत हुँदा वर्षाको याम छ, कहीँ खिया त परेको छैन ? कही लेउ त जम्मा भएको छैन ? र अहिले यो गम्भीर प्रश्न हो । म मुख्यमन्त्रीलाई फेरी पनि अनुरोध गर्न चाहन्छु । तपाईंलाई म मुख्यमन्त्री हुँ भन्नेमा विश्वास छ, छैन ? धेरै मिडियाहरुले लेखेका छन, यो मेरो आफ्नो कुरा होइन, या प्रतिपक्षको कुरा पनि होइन, मुख्यमन्त्री निरीह हुनु भएको छ, के साँच्चै यो यस्तै हो ? कि के हो ? मलाई लाग्छ यो सार्वभौम अधिकार सम्पन्न भएको संसदले यो जवाफ पाउनुपर्छ। केका स्वार्थका निम्ति तपाईंहरुले २० दिनसम्म यो सार्वभौम अधिकार सम्पन्न संसदको अधिवेशनको वैठकलाई वन्दी बनाउनुभयो । तपाईंहरु जिम्मेवार हुनुहुन्छ कि हुनुहुन्न ? साँच्चीकै यो संविधान प्रति तपाईंहरु आस्थावान हुनुहुन्छ कि हुनुहुन्न ? यो संविधान प्रति तपाईंहरुको विश्वास छ कि छैन ? यो प्रदेश सभा प्रति तपाईहरुको विश्वास छ छैन? तपाईंहरुले संचालन गर्नुभएको सरकार प्रति तपाईंहरुको विश्वास छ छैन ? दौरासुरुवाल लगाउनका निम्ति, झण्डा हल्लाउनका निम्ति मात्रै तपाईंहरु सरकारमा जानुभएको हो ? कि केही गर्छु प्रदेश सरकारलाई सवल बनाउछु,प्रदेशलाई सवल बनाउँछु, समृद्ध बनाउछु भनेर तपाईंहरु सरकारमा जानुभएको होइन ? माननीय माओवादीका मित्रहरुलाई म फेरी अनुरोध गर्न चाहन्छु । हिजो तत्कालिन प्रधानमन्त्री के.पी. वलीको रिसले यो गठवन्धन बनाउनुभयो । साँच्चीकै काँग्रेसलाई बोक्न सजिलो रहेछ कि अप्ठेरो रहेछ ? कत्ति गाह्रो हुँदोरहेछ काँग्रेसलाई बोक्नको निम्ति

? न सिद्धान्त छ, न विचार छ, न शैली मिल्छ, न प्रवृत्ति मिल्छ, न लक्ष्य मिल्छ, न उद्देश्य मिल्छ, बोक्न सजिलो हुँदोरहेछ ? धन्न भिरमा लगेर तपाईंहरुले गुल्टयाउनु भएन, त्यो गुल्टयाउने साहस पनि तपाईंहरुसँग छैन । म माननीय मुख्यमन्त्रीज्युलाई प्रश्न गर्न चाहन्छु, साँच्चिकै माओवादीसँग मिलेर अगाडि बढ्नका निम्ति सजिलो रहेछ ? के अप्ठ्यारो रहेछ, के यसरी नै सरकार चल्छ ? सबैले खोजिदिनुपर्ने, गण्डकी प्रदेश सरकार कहाँ छ ? मिडियालाई पनि प्रतिपक्षले जवाफ दिइदिनु पर्ने, सरकारको जवाफ मिडियाले पनि प्रतिपक्षसँग सोध्नुपर्ने,प्रतिपक्षले बोल्दिनुपर्ने, अनि तपाईंहरु गरेर के गरेरबस्नुभएको ? दौरा सुरुवाल लगाएर बस्नुभएको छ । यो के गर्नुभएकोछ मलाई थाहा छैन र यो गम्भीर प्रश्न। तपाईंहरुलाई विश्वास भएन । हुन त सरकारमा पुग्छु भन्ने विश्वास थिएन, सरकार पाउनु भयो, पाइसकेपछि म काम गर्छु भन्ने विश्वास,आत्म विश्वास तपाईंहरुले जगाउनु पर्थ्यो, त्यो त जगाउन सक्नु भएन । अब त समय पनि छैन, अझै पनि तपाईंहरु झगडा गर्दै हुनुहुन्छ, मिल्नुभएको छ, सायद मिलेर नै आज २० दिन पछि तपाईंहरुसँग भेट हुन पाएको छ । गण्डकी प्रदेश सरकारसँग भेट हुन पाएको छ । तर कसरी मिल्नुभयो, हिजो कसरि तपाईंहरु आपसमा बाझ्नुभयो ? यो कुरा बाहिर पनि आउन सकेन, त्यसैले अहिले जसरी तपाईंहरु मिल्नुभएको छ, त्यसको निम्ति म धन्यवाद दिन चाहन्छु र कि ५ गते छलफल हुनुपर्ने बजेट वक्तव्य, रातो पुस्तक, सिरानी हालेर २० दिन सम्म २० गतेसम्म तपाईंहरु सुतिदिनु भयो । मैले यसभन्दा अगाडि मुख्यमन्त्रीज्यूले दिउँसै सपना देख्नुभएको रहेछ भनेर मैले भनेको थिएँ, एकजना माननीय सदस्यज्यूले त्यसलाई प्रतिवाद गर्नुभयो,प्रतिरक्षा गर्नुभयो, सपना त दिउँसै देखिनुपर्छ, दिउँसै सपना देखेको कुरा पूरा हुन्छ, रातमा देखेको सपना पूरा हुँदैन भनेर वहाँले प्रतिरक्षा गर्नुभयो । त्यही भएर संघमा सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवा दिउँसै निदाइदिनु हुन्छ, दिउँसै सपना देख्नुहुन्छ र अहिले पनि मलाई लाग्छ यो २० दिनसम्म त्यो दिउँसै सपना देख्नका निम्ति त्यो बजेटका पुस्तक सिरानी हालेर तपाईंहरु सुत्नुभएको हो ? होइन भने केका लागि ? र यो विडम्वना, यो भन्दा ठूलो विडम्वना के हुन्छ ? यो भन्दा ठूलो लाजको पसारो के हुनसक्छ ? तपाईंहरुलाई लाग्दैन,लाज लाग्दैन? सरकारलाई लाज लाग्दैन ? मुख्यमन्त्रीजीलाई लाज लाग्दैन ? अर्थमन्त्रीलाई लाज

लाग्दैन ? अरु मन्त्रीहरुलाई लाज लाग्दैन ? लाज लाग्दैन तपाईंहरुलाई ? यस्तो पनि हुन्छ ? बजेटको कुरा के कुराकानी गर्ने ? अघि भन्नुभयो,माननीय अर्थमन्त्रीले भन्नुभयो, प्राथमिकताका आधारमा नीति र कार्यक्रम आयो र नीति र कार्यक्रमका आधारमा यो बजेट आएको छ, गहन सुझाव दिनुस्। प्राथमिकता के हो ? तपाईंहरुको प्राथमिकतामा कुनै प्राथमिकता छ ? अनि नीति र कार्यक्रममा तपाईंहरुले सम्झेजति सबै कुरा लेख्नुभएको छ । सरकारको औकात के हो ? गण्डकी प्रदेश सरकारको अवस्था के हो ? उसको आर्थिक स्रोत कति हो ? केलाई प्राथमिकता दिनु पर्ने हो भन्ने कुरा कहीं तपाईंहरुले ख्याल गर्नुभयो ? मलाई लाग्छ ७० भन्दा बढी त तपाईंहरुको कार्यक्रम र अभियान नामाकरण गरिएको अभियानकै कार्यक्रमहरु छन् गन्दैजाँदाखेरी । मलाई लाग्छ त्यहाँ कतिपय त्यहाँ छुटपुट पनि भएको हुनसक्छ, ती सबैलाई अहिले यो बजेटले समेटेको छ, समेट्न सक्छ ? र अहिलेको बजेट वक्तव्यलाई हेर्दाखेरी कस्तो देखिन्छ भने, रातो पुस्तकसँग यो बजेट वक्तव्यको कुनै साईनो सम्बन्ध नै छैन । किनकि ! बजेट वक्तव्य, बजेट भाषण रातो पुस्तकसँग सम्बन्धित हुनुपर्छ ।त्यहाँको डाटा, अंक केलाउनका निम्ति किन मेहेनत गर्नुपर्यो, जे मनमा आउँछ त्यही लेख्दिए भयो नि त ! तपाईंको त्यो बजेट वक्तव्य हेर्नुहोस् त ! १० अरव छुट्याइएको छ यातायातको निम्ति, भौतिक पूर्वाधार सडक, पुलका निम्ति भनेर भनिएको छ अन्यत्र मलाई लाग्छ तपाईहरुले बजेटमा उल्लेख गर्नुपर्ने उल्लेखनीय विनियोजन गरिएको रकम कहीं पनि उल्लेखै छैन । उल्लेख छैन भन्दा २ करोड, १५ करोड आदि इत्यादिको उल्लेख छ, अरु कुनैपनि उल्लेख छैन । तपाईंहरुको नीति कार्यक्रममा उल्लेख गरिएका, महत्व दिइएका, प्राथमिकतामा राखेका कुनै पनि कार्यक्रमहरुको बारेमा त्यहाँ कुनै पनि बजेट विनियोजन भएको देखिदैन । हाम्रो विमति थियो ? तपाईंहरुले जसलाई प्राथमिकता राख्नु भएको छ त्यो प्राथमिकता होइन भन्ने हाम्रो विमति थियो । विमति हुँदाहुँदै पनि तपाईंहरुले राख्नुभएको प्राथमिकतामा कहीं बजेट विनियोजन भएको छ ? छैन, यो कुनै सम्बन्ध छैन । तपाईंको नीति कार्यक्रम न प्राथमिकतासँग त्यो सम्बन्धित छ, न तपाईंको सिद्धान्त र प्राथमिकता नै तपाईंहरुको न हाम्रो आवधिक योजनासँग या मध्यमकालिन खर्च संरचनासँग या हाम्रो कुनै पनि नीतिसँग सम्बन्धित भएर नै त्यो आएको छ ?

त्यसो भएर हामीले त्यसलाई विरोध गरिरहेका थियौं र अहिले पनि मलाई लाग्छ, त्यो त्यसको बारेमा पनि सम्बन्धित छैन र विनियोजन विधेयकमा छलफलको क्रममा मलाई लाग्छ धैरै कुराहरु त्यसमा फेरी पनि आउने नै छ, र अहिले केही बजारमा हल्ला चलेको छ, के हल्ला चलेको छ त भन्दाखेरी, सवारी कर १० हजारको दरले वृद्धि गरिएको छ, ६–६ महिनामा नविकरण गर्ने कुरा गर्नुभाछ, तर नीति र कार्यक्रममा तपाईंहरुले के गर्नु भएको छ ? एकदमै त्यसलाई सबैलाई तपाईंहरुले विद्युतीय उसमा लाने कुरा गर्नुभएको छ। तर ६–६ महिनासम्म अनि ग्राहकहरुलाई, करदाताहरुलाई दुःख दिने व्यवस्था तपाईंहरुले गर्दै हुनुहुन्छ । करको दायरा बढाउनु पर्नेमा जसले कर तिरिरहेको छ त्यो करलाई नै वृद्धि गराउने काम गर्नु भएको छ ।

केन्द्रमा रघुनाथ घिमिरेलाई गएर ७५० वटा करमा चलखेल गरेको कुरा आइरहेको छ त्यसको जवाफ, मुलुकले खोजिरहेको छ र अहिले पनि त्यसको जवाफ पाइरहेको छैन । मलाई लाग्छ अहिले यो गर्नका निम्ति कतै त्यस्तै रिटायर्ड सुव्वाहरुको हात छ कि ? या मन्त्री महोदयहरु यहाँ हुनुहुन्छ उहाँहरुकै हात छ कि ? के छ मलाई थाहा छैन यो पनि तपाईंहरुले जवाफ दिनु पर्छ कि यसरी गण्डकी प्रदेश सरकार अगाडि बढ्न सक्दैन,यसरी यो गण्डकी प्रदेश सभा पनि अगाडि बढ्न सक्दैन र यसमा यहाँहरु सबै गम्भीर होऊँ र यति भन्दै म आफ्नो भनाई समाप्त पार्छु, हवस् त धन्यवाद ।

**माननीय सभामुख**

अब म माननीय सदस्य श्री विष्णु प्रसाद लामिछानेलाई छलफलमा भाग लिन समय दिन्छु। त्यसपछि माननीय सदस्य श्री खिम बिक्रम शाही।

**माननीय विष्णु प्रसाद लामिछाने**

सभामुख महोदय, आज हामी महत्वपूर्ण विषयमा छलफल गर्दैछौं । वास्तवमा, हामीले १ गते बजेट मन्तव्य पछि लगत्तै हाम्रा छलफलहरु अगाडि बढ्नु पर्ने नै हो । तर बिबिध करणले त्यो हुन सकेन । कारणहरु थुप्रै हुन सक्छन्, राजनैतिक, प्राविधिक, दलगत विभिन्न हुन सक्छन्, जे जे हुँदा पनि यो गण्डकी प्रदेशको जनताले उत्साहपूर्वक हेरेको यो बजेटमाथि आज हामी छलफल गर्दैछौं । मैले रातो किताव सरसर्ती हेरें, मैले नीति र कार्यक्रम यो सरकारले जुन हिसावले नीति र कार्यक्रम ल्याएको थियो, त्यो नीति र कार्यक्रम यसका सिद्धान्त र प्राथमिकताकै आधारमा यो बजेट आएको हो भन्ने मैले महसुस गरेको छु । होला, काम गर्ने क्रममा कतै कतै त्रुटीहरु हुन सक्छन्, त्यस्ता त्रुटीहरु औंल्याउनको लागि नै त्यस्ता कहीं भएका छन् भने गल्ती सच्याउनको लागि नै छलफल गरिन्छ । छलफल भनेकै त्यसैको लागि हो । हामी यो सम्मानित सदनमा छौं र यो गण्डकी प्रदेशका जनताले विश्वास गरेर पठाएका हामी जनप्रतिनिधी यहाँ छौं, जुन जनप्रतिनिधिले गण्डकी प्रदेशका जनताको लागि, यस गण्डकी प्रदेशको विकासको लागि काम गर्ने प्रतिवद्धता, काम गर्ने शपथ खाएरै यहाँ आएका छौं, त्यसैले पनि यो छलफल आवश्यक त्यसैको लागि हो । छलफलै नहुने हो भने जुन दिन आयो त्यही दिन हुन्छ भन्नेले हुन्छ भन्नुस्, हुन्न भन्नेले हुन्न भन्नुहोस् भने पनि हुन्थ्यो । यो छलफल हामी सबैले छलफल गर्छौं र छलफल बाट आएका निष्कर्षहरु मेरो सरकारसँग पनि अनुरोध छ । सरकार भनेकै जनताको लागि हो । यो गण्डकी प्रदेशको विकासको लागि हो । यहाँका जनताको सेवा र सुविधा दिनको लागि हो, त्यसैले त्यस्ता कुराहरु आए पनि हामी सत्तापक्षको कारणले हो मा हो र विपक्षकै कारणले होइनमा होईन भन्दा पनि त्यस्ता कुराहरुको वहस गरौं, छलफल गरौं, अझै राम्रो बनाउन सकिने, अझै जनताको पक्षमा, जनताको हितमा, यो गण्डकी प्रदेशसरकारको पक्षमा केही गर्नसक्ने वातावरण बन्ने हो भने छलफल जारी छ, हामी छलफलै गर्छौं । प्राथमिकता तोकिएका छन, प्राथमिकतै नभएको होईन । सरकारले हुन सक्छ मैले जेलाई पहिलो प्राथमिकता देखेको छु, म एउटा प्रदेश सभाको सदस्यको नाताले, सरकारले त्यसलाई प्राथमिकतामा नदेखेको पनि हुनसक्छ, प्राथमिकता तोकिएकै छैन, सिद्धान्त, नीति र कार्यक्रम अनुसारै छैन भन्ने मलाई लाग्दैन । सरकारले मेहेनत गरेको छ, जनताको पक्षमा आउनको लागि । अघि यहाँ केही

कुराहरु आएको छ, माननीयज्यूले उठाउनु भएको छ, मलाई पनि खड्केको छ म सत्ता पक्षकै सदस्य भएर पनि मैले भन्नुपर्छ, म जनताको हितमा काम गर्छु भनेर शपथ खाएर आएको मान्छे, जनताको प्रतिनिधि हो । केही कुराहरुमा करको बारेमा केही बाहिर आवाजहरु उठेकै छन, बाहिर आएको आवाज मैले यहाँ नबोल्दैमा सत्ता पक्षको एउटा सदस्यले नबोल्दैमा जनताको मुख थुनिन्छ भन्ने होइन, धेरै कुराहरु आएका छन् । बाहिर हल्ला आएको छ हरेक ६ महिनामा यातायातका साधनहरु नविकरण गर्नु पर्छ, मैले खोजें त्यो, साँच्चै यस्तो हो त ? यस्तो पनि कार्यक्रममा आयो होला त, यस्तो पनि बजेटमा आयो होला त ? राजश्व उठाउने नाममै सरकारले ६–६ महिनामा जनतालाई आफ्नो साधन, यातायातका साधनहरु नविकरण गर्ने परिस्थिति बनाएकै होला त ? मैले सरसर्ती हेरें, त्यहाँ लेखिएको रहेछ, यातायात जनतासँग प्रत्यक्ष सरोकार राख्ने यातायातका साधनहरु जनतासँग प्रत्यक्ष सरोकार राख्ने भएको हुँदा, हरेक सवारी साधनको जाँचपास चेक जाँच गर्ने काम हरेक ६ महिनामा गरिने छ भन्ने रहेछ । अहिले ठुलो सास फेरें, मलाई लाग्यो सरकारले साँच्चै गल्ती गरेकै हो भन्ने लागेको थियो, ठुलो सास फेरें, होइन रहेछ । यो सवारी चेकजाँच गर्नुपर्ने र त्यतिबेला लाग्ने करका बारेमा पनि वार्षिक रुपमा तिर्ने करहरुलाई नै होला भन्ने मलाई लाग्छ । अरु रजिष्ट्रेशन शुल्कका कुराहरु पनि आएको छ, यदि त्यो हो भने जनतालाई प्रत्यक्ष मार पर्ने किसिमको हो भने विचार गर्नुपर्छ, म सत्तापक्षको भएर मैले ती कुराहरु गर्नै हुँदैन भन्दिन, छलफल यसैको लागि हो । त्यसैले जनतालाई,मलाई लाग्छ कर तिर्नै पनि समस्या धेरै मान्दैन जनताले । तर मैले भन्दै आएको छु नि, हामीकहाँको झण्झटिले प्रकृया, त्यो सवारी साधन नविकरण रजिष्ट्रेशन पास गर्न जान पर्यो भने अथवा कहिँ कतै कर बुझाउन जानपर्‍यो भने ३ दिन अगाडि देखि सम्बन्धित व्यक्तिलाई ज्वरो आउन थाल्छ । त्यहाँको अव्यवस्थित परिस्थिति, त्यहाँको अचम्म लाग्दो परिस्थीति ,कर तिर्न गएको छ बाबा यो सरकारको जिम्मा हो। कर तिर्न जानेलाई हरेक कर तिर्ने मान्छेले कर तिर्न जाँदा आनन्दको अनुभूति गर्नु पर्छ । हामी राष्ट्र सेवक कर्मचारी भन्छौं, हामी जनप्रतिनिधि भन्छौं, हामी सेवक भन्छौ जनताको, अहिले सम्म कहीँ उदाहरण छ ? एउटा हाकिमले एउटा सेवाग्राहीलाई आफूले उठेर नमस्कार गरेर, सम्मान गरेको, स्वागत गरेको कहीँ छ ? छैन ।

हामीले त्यो वातावरण नै बनाएका छैनौं । एउटा कार्मचारी साथी कर्मचारी मात्र पनि होइन, राजनीतिक दलमा पनि म अलि ठूलो मान्छे हुँ भन्नेले कतिबेला यसले नमस्कार गर्ला र नमस्कार फर्काउँला भनेर बसेको अवस्था छ । हाम्रो सरकारी सोच, सरकारी संयन्त्र त्यस्तो छ । मैले कर्मचारी साथीहरुलाई आरोप लगाउन चाहेको छैन । म अत्यन्त सम्मान गर्छु उहाँहरुलाई, तर त्यही एउटा नीजि क्षेत्रको कार्यालयमा गयो भने छुट्टै किसिमको सम्मान छ, ढोकामा बसेर नमस्कार गर्ने देखि लिएर चिया खानुहुन्छ कि, चिसो खानहुन्छ कि ! पानी खानु हुन्छ कि, के गर्नु हुन्छ भन्ने छ, हामी सरकारी कार्यालयमा गयौं भने, जनता जो यो मुलुकको मालिक हो छिःछि, दूर–दूर हुनु पर्ने परिस्थित छ, फर्केर त्यो ठाउँमा जान नपरेहुन्थ्यो भन्ने परिस्थिति छ, यसको अन्त्य गर्नु पर्छ। जनता कर तिर्न तयार छ, स्वभाविक कर तिर्न जनता तयार छ । त्यो करको सदुपयोग होस् भन्न चाहन्छ जनता । अफूले तिरेको कर, मैले तिर्दै गरेको करले सदुपयोग भएको छ कि छैन, कहाँ गएको छ, लगानी कहाँ भएको छ ? भनेर जनताले जान्न चाहन्छ। उसलाई विश्वास दिलाउन सक्नुपर्छ जनतालाई र उ सम्मान। एउटा व्यक्ति कर तिर्न जाँदै गर्दा, त्यो कार्यालयबाट फर्कदै गर्दा एउटा सरकारी कार्यालयमा गएर फर्किंदै गर्दा मैले आज कर तिरें, राज्यलाई मैले कर तिरें भनेर ढुक्क भएर फर्किने परिस्थिति सिर्जना गर्नुपर्छ, हामीले त्यो सकेका छैनौं, त्यसैले पनि कहीं न कहीं अप्ठयारो परिस्थिति बनेको छ । त्यसैले मेरो अनुरोध छ, हामीले अभ्यास सुरु गरौं न, यही गण्डकी प्रदेशबाटै शुरु गरौं । हाम्रा कार्यालयका कार्यालय प्रमुखहरु सेवाग्राही जाँदा उठेर त्यो खाली खुट्टा गएको होस्, पटुका बाँधेर गएको होस्, सिलाएको टालेको लुगा लगाएर गएको होस्, जस्तोसुकै जाँदा पनि सम्मान गर्ने वातावरण बनउँ न लौ त ! भोलिदेखि त्यसलाई चिसो, तातो के खाने ? नमस्कार गरेर उसलई काम गरेर नमस्कार गरेर विदाई गर्ने परिस्थिति मुसुक्क हाँसेर बिदाई गर्ने परिस्थिती गरौं त, जनता कर तिर्न पछि पर्दैनन् । तर हामीले जहिले पनि ती जनतालाई नोकर र हामी जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारी मालिक हुन् भन्ने भान भएको छ, यसको अन्त्य गर्नुपर्छ भन्ने मलाई लाग्छ । यिनै कुराहरु राख्दै जे आएको छ यसलाई केही सुधार गर्नु पर्ने भयो भने मैले फेरी पनि सरकारलाई अनुरोध गर्छु, त्यस्तो परिस्थिति हो भने जुन हामीले ल्याएको बजेटले जनतालाई मर्का परेको छ

भने त्यसलाई करेक्शन गर्न पछि पर्नु हुँदैन भन्दै यहाँ आएको जुन बजेट आएको छ यसको लागि म र मेरो दलको तर्फबाट समर्थन गर्दै विदा हुन्छु ।धन्यवाद ! जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य श्री खिम विक्रम शाहीलाई छलफलमा भाग लिन समय दिन्छु ।त्यसपछि माननीय सदस्य श्री मायानाथ अधिकारी।

**माननीय खिम विक्रम शाही**

माननीय सभामुखज्यू,२०७९ पछिको बजेट वक्तव्यमा हामी छलफल गरिरहेका छौं । २० दिन पछि, मैले के भन्छु भने ढिलै भएपनि साउन लाग्छ कि भन्ने थियो, ढिलै भए पनि सदन चलेको, चलाउनु भएकोमा म खुशी छु र धन्यवाद दिन चाहन्छु । पालिकामा नगरपरिषद्, गाउँपरिषद् शुरु भयो र गाउँ–गाउँबाट, ठाउँ–ठाउँबाट रकम कार्यक्रम डुप्लिकेशन नहोस् भनेरै होला त्यहाँका वडाध्यक्षजिहरु, त्यहाँका मेयरसाहेवहरु, उपमेयरसाहेवहरु, अध्यक्ष, उपाध्यक्षज्यूहरुले प्रदेशको बजेट हामीलाई कहाँ कहीं कतै केही केही परेको छ कि भनेर सोधिरहनुहुन्थ्यो,सोध्नुभएको थियो, र हामीले, मैले के जवाफ दिन्थे भने, हुन्छ ५ गते पछि, आउँछ भन्ने कुरा गरेको थिएँ । अब सम्भवतः अरु माननीयज्यूहरुको कुरो त्यही होला, मैले ढाँटेछु उहाँहरुलाई सही कुरा भन्न सकेन । त्यसकारणले गर्दा काम कारवाही कुरा गरेजस्तो हुँदैन । व्यवहारतः हामीले कार्यान्वयन पक्षमा जान सकियो भने मात्रै बल्ल बोले जस्तो हुन्छ । हामीले थुप्रै कुराहरु छुटेकै छैन, साँच्चै भन्ने हो भने बजेट वक्तव्यमा थुप्रै कुराहरु आएको छ, धेरै राम्रा पक्ष कुराहरु पनि आएका छन्, केही छुटेको रहेछ भने पनि समावेश गर्ने मौका छ, गर्नु हुनेछ । यो जनतालाई कर लिने जुन प्रणाली छ, हुन त यो व्यवस्था भनेको करै करले सरकार धनी भएर जनतालाई सेवा दिने व्यवस्था यो संघीय व्यवस्था भनेको। आफ्नो स्रोत छैन कति मागिराख्ने विदेशबाट ? तैपनि दोहोरो

कर प्रणाली, वडामा त्यसैले कर तिरेको छ, पालिकामा त्यसैले कर तिरेको छ, जिल्लामा त्यसैले कर तिरेको छ त्यसको बारेमा । त्यसकारणले गर्दा यो कर प्रणालीलाई विस्तारै विस्तारै हटाउदै जानुपर्छ । नतिरि नहुने कर तिर्नुपर्छ,जनताले तिर्नु पर्छ, तर जुन डबल भएको छ र कतिपय किसानहरुलाई त झन् कतिपय किसानहरुले संचालन गरेका फर्महरुलाई त झन् सरकारले कर नलिए पनि हुन्छ। तिनैबाट उठाएको पैसाले, तिनैबाट उठाएको करले तिनीहरुलाई सुविधा दिन किन सरकारले गरेको भन्ने किन गराउनपर्यो ? छुट दिए पनि त हुन्छ किसानलाई!, त्यसकारणले गर्दा कतिपय हामी त्यहीँ ठाउँबाट, त्यही संस्थाबाट कर लिएर सरकार संचालन गर्ने गरेका छौं । उदाहरणको लागि ढोरपाटनमा शिकार आरक्ष छ,त्यसबाट उठेको कर सरकारले लिन्छ र सरकारले फेरी विनियोजन गर्छ । त्यो शिकार आरक्षको कारणले गर्दा ढोरपाटनका जनताहरु, ढोरपाटनवासी जनताहरु यति मर्कामा परेको छ, परापूर्व कालदेखि जुन कूवामा उहाँहरुले गाई, भैंसीलाई पानी खुवाउनुहुन्थ्यो, त्यो विस्तारै अधिकरण हुँदैछ । जुन वनबाट उहाँहरुले घाँस ल्याउनुहुन्थ्यो विस्तारै अधिकरण हुँदैछ । त्यसकारणले गर्दा ती जनताहरुको लागि व्यवस्थित तरिकाले बस्नको लागि, बाँच्नको लागि, बचाउनको लागि हाम्रो सरकारले ध्यान दिन जरुरी छ । अहिले त्यही ढोरपाटनलाई गुरुयोजना बनाउने भनेर जुन सरकारले महत्वकासाथ कार्यक्रम ल्याएको छ, अत्यन्तय म खुशी छु, त्यहाँका जनताहरु पनि खुशी हुनुहुन्छ । तर व्यवहारमा जाँदा के हुन्छ ? बाँकी छ । हामीले गर्छौं नि ५ वर्षसम्म अब ४ वर्ष हुन लाग्यो, धेरै पुलहरु डिपिआर गर्यौं धेरै बाटाहरु डिपिआर गर्यौं तिनि डिपिआर बैंक भनेर राखेका छन, थन्क्याएका छन । गत वर्ष डिपिआर गरेको उदाहरणको लागि पुललाई हामीले कार्यान्वयन नगरिकन अर्को पुल यो वर्ष फेरी डिपिआर गर्दैछ । यो के हो ? डिपिआर गरेको गर्यै राखेको राख्यै अनि नयाँलाई त्यो पहुँचवालाहरुले, पहुँच भएका मान्छेहरुले त्यसलाई कार्यान्वयन गर्ने हो कि ? २ वर्ष भयो ढोरपाटनमा बाढीले बगाएर ३ वटा पुल मात्रै बनाउनुस् भनेको, सरश्वती आदि विद्यालयमा वारिपारि जानको लागि पुल छैन । वर्षा लाग्यो, अहिले पनि ती विद्यार्थीहरु अत्यन्तै कष्टकर तरिकाले वारिपारि गर्ने गरेका छन् । दुना पँधेरा, झलेपानी यी ३ वटा पुल,झोलुंगे पुल अत्यन्तै आवश्यक, अब वर्षा लाग्यो भने जनताहरु वारिको मान्छे वारि हुन्छ,

पारिको मान्छे पारि हुन्छ र सरकारले गर्छम् भन्नुहुन्छ, ठेक्का फाल्छौं भन्नुहुन्छ, अघिल्लो सरकारले पनि त्यही भन्नुभयो । त्यसकारणले गर्दा ती अत्यन्तै नभई नहुने, नगरि नहुने ठाउँलाई प्राथमिकता दिनको लागि म अनुरोध पनि गर्दछु। सम्भवतः अहिले ती पुलहरु बन्नेछ । अर्को कुरा गाउँ–गाउँमा स्थानीय सरकार भनौं कर्मचारीको अभाव छ । हुन त त्यहाँका अध्यक्ष, उपाध्यक्ष अथवा मेयर, उपमेयरको इन्टेन्सन पनि हुन सक्छ आफ्ना मान्छेहरुलाई करारमा भर्ती गरेका र यहाँबाट र यहाँ लोकसेवाबाट पठायो भने पनि ती आउट हुन्छन् भनेर पनि तलबाट माग नआएको पनि हुन सक्छ । तर पनि सरकारले अंकुश लगाउनु पर्छ, त्यो भएको पनि देखिएको छैन । अर्को कुरा यो भूक्षय र पहिरोबाट कृषियोग्य जमिन र बसोवास क्षेत्रको संरक्षण गर्न, भू तथा जलाधार संरक्षण कार्यालय र डिभिजन वन कार्यालय मार्फत संचालन गरिने वृक्षारोपण अथवा तटवन्धन पहिरोको उपचारको लागि १ करोडको व्यवस्था गरेको छु भनेर भनेको छ । यो कार्यालय के रहेछ भने, अब वर्षा लाग्यो सम्भवतः प्रत्येक जिल्लामा एउटा कार्यालय छ होला । गोठले तान्दिन खोज्छ, बारीले तान्दिन खोज्छ, घरले तान्दिन खोज्छ अनि ग्याविन माग्न आउनु हुन्छ । कार्यालयले के भन्छ, हामीसँग केही पनि छैन, प्रदेशले पठाएकै छैन भन्छ । मलाई के लाग्थ्यो, हाकिमसावले अब आफ्नो आफ्नो मान्छेलाई, त्यस्तो मान्छेलाई दिएर होला सकेर होला भन्ने लाग्थ्यो। १ करोडको जाली, १ करोडको तटबन्ध गर्ने, वृक्षरोपण गर्ने कार्यक्रम ११ वटा जिल्लालाई हुन पनि कति नै हुन्छ र ? त्यसकारणले गर्दा यस्ता कार्यक्रमलाई अलि बढी ध्यान दिएर जाँदा राम्रो हुन्थ्यो कि ? मेरो सुझाव । यो कृषकहरुलाई बाँदरले तत्पडाएको छ दुःख दिएको छ, बारीबाट उब्जाउ गरेको अन्नलाई हामीले घरको छानामा राखेका छौं, आँटीमा राखेका छौं, धनसारमा राखेका छौं जहाँसुकै राखेका छौं त्यो त खाइदियो खाइदियो हामीले पकाएको भात समेत खाइदिन्छ किसानहरुको । बाँदर नियन्त्रण गर्ने कार्यक्रम प्रत्येक वर्ष आयो । मैले के भन्छु भने यो बाँदर नियन्त्रण गर्ने भनेको उपाय पहिलो उपाय भनेकै बन्दुक पड्काउने हो, अरु उपायले यो तरुल सरुल रोपेर हुनेवाला छैन । हामीले व्यवस्था परिवर्तन गर्नको लागि सहिदहरुले ज्यान आहूति गरे त, मारामार गयौं त हामी, ज्यान मार्ने भन्दा भन्दै पनि हामि मारामार गऱ्यौं त हामीले, जेलमा जान्छौं भन्ने थाहा पाउँदा

पाउँदै मारामारा गयौं त हामीले, र पनि फेरी के भयौं हामी, व्यवस्थालाई परिवर्तन गयौं, यही प्रगतिशिल व्यवस्था ल्याउन सफल भयौं त हामीले । त्यसकारणले गर्दा त्यो कानुनी जटिलता छ भने पनि बाँदर मार्नको लागि, बादरलाई नियन्त्रण गर्नको लागि त्यो प्रकारको योजना सरकारले बनाउनु पर्छ । वर्षको १ पटक मात्रै पड्कायौं भने, मात्रै एउटा बाँदर मार्यौं भने, बाँदर त्यो वर्षभरि आउँदैन। त्यसकारणले गर्दा कानुनी जटिलता छन्, कानुनी जटिलता पनि हटाएर, सुल्झाएर जानसक्ने उपाय खोज्दै यो बाँदरको नियन्त्रण मात्रै गयौं भने पनि यो सरकारले गरेको पहिलो काम, राम्रो काम, हाम्रो काम हुनेछ भन्ने कुरा अनुरोध गर्दै मेरो भनाई अन्त्य गर्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री मायानाथ अधिकारीलाई छलफलमा भाग लिन समय दिन्छु ।त्यसपछि माननीय सदस्य श्री विकास लम्साल।

**माननीय मायानाथ अधिकारी**

माननीय सभामुखज्यू, प्रदेश सभाको यो वैठकमा बजेट वक्तव्यको बारेमा हामी छलफलमा सहभागी भइरहेका छौं । लामो समय पछि, २० दिनको पर्खाई पछि, आज हामी उपस्थित भएका छौं । कहीं नभएको जात्रा हाँडीगाउँमा जस्तै भयो । गण्डकी प्रेदश यस्तो सोचेका थिएनौं हामीले । प्रमुख प्रतिपक्ष पनि छ यो प्रदेशसभामा, प्रमुख प्रतिपक्ष अरु दलभन्दा ठूलो संख्यामा छ । तर मिडियाको अगाडि, जनताको अगाडि हामीलाई लाजमर्नु भयो । हामीले जवाफ दिन पनि नसक्ने अवस्था भयो । तपाईंहरु के हेरेर बस्नुभएको छ ? बजेट अधिवेशन त चलेकै छैन, सदन त अगाडि नै बढ्दै बढ्दैन तपाईंहरुले अवरोध गरेर हो कि के हो ? धेरै चोटी प्रश्न गर्नुभयो, हामीले गरेका छैनौं, छलफलमा भाग लिनै पाएकै छैनौं । सदन त प्रतिपक्षले बोलाउने होइन, सदन त सरकारले आह्वान गर्ने हो, निर्णय गर्ने हो, सभामुखले बोलाउने हो नि, हामीले बोलाउने होइन नियम त्यो हो तपाईंहरुले बुझ्नु पर्यो भनेर हामीले धेरै पटक भन्यौं । किन चलेन प्रदेश सभा भनेर मुख्यमन्त्रीज्यूकोमा पनि ध्यानाकर्षण गराउन गयौं हामी प्रमुख प्रतिपक्षको हिसावले १० गते । ५ गतेसम्म त हामीले समय

दिएकै थियौं, ५ दिन पर्खेर फेरी हामी १० गते गयौं । १० गते जाँदा पनि छलफल भएन, छलफल हुन्छ हुन्छ भन्दा भएन । सभामुखले १२ गते हुन्छ भन्नुभएको थियो, भएन हामी पर्खेरै बस्यौं । धेरै उदारवादी प्रमुख प्रतिपक्ष छ अहिले, धेरै नरम प्रतिपक्ष छ । पर्ख्यौं, १३ गतेसम्म पर्खदा पनि थाहा नभएपछि के कुराको सूचना आयो भने हाम्रो माननीय किरण गुरुङलाई एउटा सूचना आएछ, बजेट त कहाँ सदनमा छलफल गर्ने ? बजेट त अर्थविकास समितिमा छलफल गर्ने हो, माननीय अर्थमन्त्रिको उपस्थितिमा बजेटमाथी छलफल हुन्छ भनेर सूचना उहाँलाई आइपुगेछ । हामी लमजुङमा थियौं, दलको नेता पनि लमजुङमै हुनुहुन्थ्यो । बजेट त सदनमा होइन समितिमा छलफल हुने भयो भनेर उहाँले खबर गर्नुभयो । हामीले १५ गते विहान राति राति आएर १५ गते विहान पत्रकार सम्मेलन गर्‍यौं, बजेट अधिवेशन हुनुपर्यो, समितिमा छलफल होइन, सदनमा छलफल हुनुपर्यो पनि भन्यौं ।त्यस्तो भन्नुपर्ने परिस्थिती आयो,त्यसले अघि हाम्रो दलको नेताहरुले धरै महत्वपुर्ण कुरा गर्नुभयो, सरकार कहाँ छ ? भनेर जनताले खोजेको अबस्थामा ध्यानाकर्षण गराउनका लागि छिटो सदन चलाउ भनेर ध्यानाकर्षण गर्नको लागि हामीले २–२ पटक प्रयत्न गर्यौं मैले यो अनुरोध गर्न खोजेको हुँ। ।म माननीय सभामुख मार्फत, आज यो सदनमा उभिरहेको बेला मैले २–३ वटा कुराको जवाफ चाहन्छु ।

सभामुख मार्फत प्रदेश सरकारको अर्थमन्त्रीले दिनुहुन्छ कि, मुख्यमन्त्रीले दिनुहुन्छ कसको भागमा पर्छ त्यो, उहाँले जवाफ दिनुपर्छ यो सदनलाई । पहिलो कुरा नीति कार्यक्रमको बेला त्यो बेला अबेला भइसक्यो, ढिलो भईसक्यो,नीति कार्यक्रमका बेला तपाईंको क्याविनेटका २ जना मन्त्री अनुपस्थिति हुनुहुन्थ्यो के भइराखेको हो त्यो ? त्यो विगत हो, किन उठाईस् विगतको कुरा भन्नु होला । बजेट प्रस्तुत भएर १९ दिन, २० दिन सम्म बजेटमाथि छलफलै भएन । अगाडि माननीयले भन्नुभयो, दलगत हो कि, राजनीकि हो कि, प्राविधिक हो ? बजेट आइसकेपछि दलगत कुरा हुन्छ ? बजेट आएपछि प्राविधिक कुरा हुन्छ ? राजनीति कुरा हुन्छ ? हामी झगडा गरेका छौं प्रमुख प्रतिपक्ष ? तपाईं आफै झगडा गरिरहनु भएको छ, त्यो कारण के हो ? अर्को मुख्यमन्त्री र अर्थमन्त्रीले फरक फरक ढंगले अन्तरवार्ता दिनुभयो, जुन हामीले पनि पढेका छौं अन्तरविरोधीपूर्ण खालको अन्तर बजेट छ, बजेट सम्बन्धी नै

अन्तरविरोधपूर्ण छ, त्यस्तो किन आउनुपर्यो ? त्यो कारण के हो ? त्यसैले एउटा क्याविनेट सिस्टममा मुख्यमन्त्री प्रणाली हुन्छ, प्रधानमन्त्री प्रणाली हुन्छ, मुख्यमन्त्रीसँग अन्तरविरोध गर्नेहरु स्वतः हट्नु पर्ने अवस्था पनि आउछ। मुख्यमन्त्रीसँग मत बझाएर सार्वजनिक रुपमा बोल्न मिल्दैन जस्तो लाग्छ मलाई, प्रधानमन्त्रीसँग मत बझाएर सार्वजनिक कुरा गर्न मिल्दैन जस्तो लाग्छ मलाई, तर मन्त्री र मुख्यमन्त्रीले मत बझाएर अन्तरर्वाता दिइरहनु भएको छ, हामीले हेरेर पढेर बसिरहनुपर्ने अवस्था आयो । के भएको त्यो ? अर्को क्याविनेटको वैठकले निर्णय गरेको भन्छ, हामीले त बजारमा सुनेको कुरा हो हामीले यहाँ सुन्न पाएका छैनौं । क्याविनेटको वैठकले निर्णय गरेको भन्छ, तर यहाँ उल्लेख छैन । त्यो निर्वाचन क्षेत्र विकास कार्यक्रम पूर्वाधार विकास कार्यक्रम क्याविनेटको वैठकले निर्णय गरेको भन्छ, हामीले त देखेको होइन, तर यहाँ हामीले नाम सुनेनौ । मुख्यमन्त्रीजिले भन्नुभयो, अर्थमन्त्रीज्युले अन्तरवार्तामा मैले हटाएको हो भन्नुभयो, मुख्यमन्त्रीज्यू भन्नुहुन्छ कायमै छ, हुनु पर्ने हो भन्नुहुन्छ । के हो त, कसले जवाफ दिने हो यो ? यो त जवाफ चाहियो हामीलाई । कि गठवन्धनलाई कुनै नियम, नीति केही दैन, अनुशासन दैन, आचार संहिता दैन ? जे गर्दिए पनि हुन्छ? यति कुरा म प्रश्न गर्न चाहन्छु । बजेट वक्तव्यमा हाम्रा उपनेताले पनि धेरै कुरा भन्नुभएको छ, म धेरै कुरा भन्न चाहन्नँ, यसमा हामी वार्षिक विकास कार्यक्रम आएपछि मन्त्रालयवाइजको छलफलमा पनि हामी भाग लिउँला । तर मलाई लागेको कुरा के हो भने हाँसलाई वेल पाक्यो के लाई के भनेजस्तै, मैले ऊखान भन्न जानीन, न बजेट आयो न के आयो कसैलाई थाहा पत्तै छैन । जनतामा कुनै आकर्षण पनि छैन । तपाईंहरु त काइदा जाँगर छ भन्नुभएको छ यहाँ बोलेर, ए बजेट यति राम्रो आयो कि गजब आछ भन्नुभाछ। होला कतिलाई राम्रो नि आयो होला, मैले सबैलाई नराम्रो आयो भनेको पनि छैन, कोही कोहीलाई राम्रो पनि आएको होला । जनतालाई सोध्नोस् गएर तल, प्रदेश सरकारको बारेमा के भइरहेको छ भनेर जनतालाई सोध्नोस्, सर्वेक्षण गर्नोस् । म यहाँ ध्यानाकर्षण गराउन चाहन्छु, गण्डकी प्रदेशको सदस्यको हिसावले । मैले भोट हालेको माननीय देवप्रसाद गुरुङ। मेरो लमजुङ जिल्लामा उभिएर उहाँले बोल्नुभयो, अब यो प्रदेश दैन भनेर बोल्नुभयो । संघ र स्थानीय तह मात्र भए हुन्छ भन्नुभयो । माओवादी केन्द्रको वरिष्ठ नेता उहाँ

। माओवादी केन्द्र त्यतैतिर जादैछ कि भन्ने शंका छ मलाई, नभए देव गुरुङले किन बोल्नुभयो त्यसरी ? लमजुंगमा उहाँले कार्यक्रममा अब प्रदेश खारेज गरेहुन्छ यो घाँडो भयो भनेर भाषण गर्नुभयो मैले मिडियामा सुनेको कुरा हो । दलका नेताहरु जो गठवन्धनका दलका नेताहरु त्यसरी संघीयताको विरुद्धमा, प्रदेशको विरुद्धमा बोल्नु हुन्छ भने र सरकार जनतालाई आशा हुने खालको, विश्वास हुने खालको कार्यक्रम ल्याउँदैन, जनता उत्साहित हुने कार्यक्रम ल्याउँदैन, सरकार आफै भागवण्डामा झगडा गर्छ, ५ करोड बाँडेको छ रे क-कसलाई, १ करोड कसलाई दिएको छ रे भनेर हल्ला गर्छ ? के के गर्छ ? यहीं भागवण्डामा झगडा परेको भन्ने कुरा गर्छ । उता सत्ता गठवन्धनका वरिष्ठ नेता के भन्छ संघ र स्थानीय तह राख्ने, प्रदेश खारेज गर्ने भन्छ, बाख्रा हराउनु र बाघ कराउनु भनेको मिलेको हो कि जस्तो पनि लाग्छ । के तपाईंहरुको गठनवन्धको उद्देश्य त्यो संघीयता खारेज गर्ने त छैन ? संघियताको वरिष्ठ नेताले हाम्रो जिल्लामै गएर किन भाषण गर्नुभयो त्यो ? यो गम्भीर विषयमा म ध्यानाकर्षण गराउन चाहन्छु। यसको बजेट वक्तव्यको बारेमा त मैले धेरै बोल्नु पर्ने खासै छैन किनभने यसले कुनै परिणाम दिने खालको छैन, यो कुनै परिणामुखी छैन, वितरणमुखी छ । भएजति सबैको कार्यक्रम राखेर, सबैको राखिदिएको छु भनेर पारेर गरेको छ, त्यहाँ कुनै, बजेट पनि चाहिएको छैन परिणाम पनि आउँन पर्दैन। यो सरकारको विगत पनि जवाफदेहीता पनि छैन, मुख कराएर मुख थाक्ने मात्रै हो । हामीले बारम्बार भन्यौं, विगतका योजनालाई प्राथमिकता दिनुस्, तपाईंले सम्पन्न गर्नुहोस् न, तपाईंले सम्पन्न गरेपछि तपाईंकै नामको साईनवोर्ड रहला, त्यहाँ उद्घाटन गर्नुहोला तपाईंले। खानेपानी योजना पुरा गर्नुहोस्, बाटो पुरा गर्नुहोस, झोलुंगे पुल पुरा गर्नुहोस, मोटरेवल पुरा गर्नुहोस, हामेस्टेहरु के के छन पूर्वाधारका कामहरु पूरा गर्नुस्, तपाईंको नाम राख्नुहोस्, हामीले बारम्बार भन्यौं। ती सबै कुराहरुलाई अनुसूचीमा राखेर, प्राथमिकता नदिएर उहाँहरु आफ्नै ढंगको योजनाहरु बढाइरहनु भएको छ । चाहे त्यो पर्यटन गन्तव्य होस्, चाहे पदमार्ग होस्, एक पालिका एक औद्योगिक ग्राम, नाम निसानै छैन, हरायो । खेलकुद मैदानसम्म नाम लेख्नुभएको छ, तर त्यो कुनै कार्यान्वयन हुनेवाला छैन। यो मलाई गजव लागिरहेको छ, यो कुन दिशामा हिंडिरहेको छ यो सरकार ? हामी सही दिशातिर हिंडिराखेको छौं, राम्रो काम गर्दछौं

भन्नुहुन्छ तर तल गएर खोज्दाखेरी सरकार भेटिराखेको छैन, किन यस्तो हुन्छ ? यसले त संघीयतामाथि प्रश्न उठाउँछ नि । सरकार स्थापित नहुनु भनेको सरकारमाथि प्रश्न उठ्ने हो । सरकारमाथि प्रश्न उठ्ने भनेको संघियता माथी प्रश्न उठ्ने हो नि ! त्यो त तपाईंको मात्रै विषय होइन, हाम्रो पनि विषय हो। संघियता माथी प्रश्न उठ्ने भनेको त हाम्रो पनि विषय हो नि । अघि माननीयले उठाउनु भयो अगाडि बोल्ने माननीयले उठाउनु भयो, पालिकाहरुको बजेटको अधिवेशन १० गते भइसक्यो । १० गते नगर सभा, गाउँ सभा छ, बसिसक्यो । उहाँहरुले प्रदेशको सरकारको बजेट समेत हेरेर बनाउने हो, संघको बजेट प्रदेशको बजेट पनि हेरेर बनाउने हो। सघंको बजेट त हेर्नुभयो होला, प्रदेशको बजेट त हेर्नै पाउनुभएन । प्रदेशले के दिन्छ भन्ने कुरा राम्रोसँग नबुझिकन उहाँले कस्तो बजेट बनाउनु भयो होला ? हामीले स्थानीय तहलाई के गाईड गर्यौं ? के गाईड गर्यौं ? के निर्देश गर्यौं ? के योजना दियौं ? के कार्यक्रम पर्छ पर्दैन भनेर उहाँहरुले के योजना बाँड्नु भयो ? खोई हाम्रो जिम्मेवारी ? हामी झगडामै बस्यौं, कुन कुनको भागवण्डा मिलेको थिएन झगडामैं बस्यौं । अनि त्यो स्थानीय तहप्रति हामी जवाफदेही भएनौं, हामीले त्यहाँ गएर जवाफ दिने बिषय के ? योजना पर्‍यो कि परेन,खानेपानीमा के पर्यो ? बाटोमा के पर्यो, पुलमा के पर्यो ? अर्को केमा पर्यो भनेर भन्नलाई त्यहाँ जवाफ दिने के ? उहाँहरुले बजेट बनाइसक्नु भयो । अब पछि गएर बोल्ने कुरा हो, त्यो खालको गैरजिम्मेवारीपुर्ण कामहरु भइरहेको छ यो एकदम दुःखदायी कुरा हो ।

अस्पतालको सुदृढीकरण अनि के के भन्नुभएको छ यो कार्यक्रममा, सुदृढीकरण गरिरहनुभएको होला तर जे सामानहरु राखिएको छ जनशक्ति छैन अहिले पनि अहिले पनि अस्पतालको सुदृढीकरण गर्ने काम धेरै बाँकी छ। तर त्यहाँ जनशक्ति छैन, जनशक्ति नभएपछि महामारी अहिले पनि कोरोनै पनि बढिराखेको कुरा छ अर्को नाममा के के नाममा बढिरहेको कुरा आछ, तर फेरी पनि महामारी आउन सक्छ अहिले पनि जनशक्ति प्रति ध्यान छैन । अस्पताललाई व्यवस्थित गरेर जनशक्ति व्यवस्थापन गर्नेतिर ध्यान छैन। १ वडा १ नर्स भन्नुभएको छ केरे १ बिद्यालय १ नर्श भन्नुभएको छ, १ वडा १ प्राविधिक भन्नुभएको छ, खेत–खेतमा, गोठ–गोठमा प्राविधिक पुर्याउने भन्नुभएको छ, पुर्याउनुस्, प्रमुख प्रतिपक्षिको दलको सदस्यको

हिसावलले भन्छु, तपाईंले बोलेको कुरा पुर्याउनुस्, बोलेर मात्रै हुँदैन नि। कुन विद्यालयलाई हो प्रा.बि. लाई हो कि होईन ? आधारभूत विद्यालय, मा.वि. हो कि कुन हो विद्यालय ? प्रा. बि. सहित हुनुपर्‍यो नि विद्यालय भनेपछि त ! तपाईंले परिभाषित त गर्नुभएको छैन। ति सबै विद्यालयलाई तपाईंले १ विद्यालय १ नर्स पुर्याउनु भयो भने त राम्रै कुरा हो किन चाहिदैन भन्नुपर्यो, राम्रै कुरा हो सक्नु हुन्छ ? बजेट छ ? एउटा अस्पताललाई व्यवस्थित गर्न नसकेको सरकारले अनि वडै वडैपिच्छे, विद्यालय–विद्यालयपिच्छे प्राविधिक पठाउने र वडैपिच्छे प्राविधिक पठाउने र विद्यालयपिच्छे नर्स पठाउने भन्ने कुरा पठाउनुभयो भने त राम्रो कुरा हो नि ।हामीले विरोध गरेर नि त अर्थ हुन्न। सकनुपर्यो नि,तपाईको बजेटले धान्नु पर्यो, सक्नु पर्यो नि ! नसक्ने कुराहरु, नहुने नहुने कुराहरु चर्चा गरेर तपाईंले जनतालाई ढाँटढुँट गर्न त खोज्नुभएको छ तर परिणाम आउँदैन, म सरकारको ध्यानाकर्षण गराउँन चाहान्छु ।यो परिणाम नआउने कामहरु गर्नुभाछ, जनतालाई भ्रममा पार्ने कुरा गर्नुभएको छ त्यो काम लाग्दैन ,कार्यान्वयन पनि हुँदैन। करको दायराको कुरा अघि हाम्रो दलको नेताले भनिसक्नुभयो । जनताले कर तिर्ने बानी पार्नुपर्छ, बानी परेको छ, भन्एनुभयो, बानी पार्नुपर्छ ठिक छ, कर तिर्ने बानी हाम्रो नेपालीमा अलि कम छ, बानी पार्नु पर्छ, ठिक हो । तर करको दायरा बढाउने हो नि, हामीले भनेको त करको दायरा बढाउनुस् जो करमा समेटिएको छैन, दायरामा समेटिएको छैन, करको दायरामा समेट्ने भनेको हो नि । तर तपाईंले करको दर यति बढाउनु भएको छ, त्यसको बारेमा मसिनो विश्लेषण गर्न आवश्यक छ । म अहिलेको मन्तव्यमा त्यो राख्न चाहन्न, हामीले २२ गते त्यो छलफल गरौंला भनेका छौं ।तपाईंलाई म मोटामोटी एक लाईन मात्र भन्न चाहन्छु । सवारी कर बढाउनु भएको छ तपाईंले, सवारी साधनलाई ६–६ महिना नीवकरण गर्ने भन्नुभएको छ जनतालाई सुख होइन दुःख दिने कुरा गरिरहनु भएको छ । अंशवण्डा,हालको बकस, धितो जमानतको कुरामा पनि तपाईंहरुले पैसा बढाउनु भएको छ अरु प्रदेशको तुलनामा धेरै पैसा बढाउनुभएको छ। यही हिसावले हामीले कसरी जनतालाई त्यो करको भारबाट थोपरेर कसरी हामी समाजलाई अगाडि बढाउन सक्छौं ? जनतालाई खुशी बनाउन सक्छौं ? यो बारेमा मेरो सरकारसँग प्रश्न छ । मैले सुनें बजारमा केहो कसो हो तपाईंहरुले जवाफ दिनुहोस्, मन्त्रीको पनि

सुरक्षा भएन रे भन्ने सुनियो । एउटा मन्त्री अर्को मन्त्रीसँग आईलाग्यो कि आर्कै बाहिरको मान्छे आईलाग्यो थाहा भएन, **(माननीय सदस्य समय सकियो)** मन्त्रीको पनि सुरक्षा भएन भनेर मिडियामा आयो, अब मन्त्रीकै सुरक्षा छैन भने हाम्रो सुरक्षा के होला ? जनताको सुरक्षा कसरी दिन सक्नुहुन्छ ? त्यो कुराको पनि जानकारी हुन पर्यो है ! कुन मन्त्रीको सुरक्षा भएन, त्यो थाहा पाउन पर्‍यो सुरक्षा त गर्नुपर्‍यो नि राम्रोसँग। जनताको सुरक्षा गर्न बनेको सरकारले मन्त्रीको सुरक्षा गर्न सक्दैन भने कसरी सुरक्षा दिन्छ ? यति प्रश्न राख्न चाहान्छु र मेरो भनाई अन्त्य गर्दछु । धन्यवाद !

**माननीय सभामुख**

माननीय सदस्य श्री विकास लम्साललाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री धनञ्जय दवाडी ।

**माननीय विकास लम्साल**

माननीय सभामुख महोदय, एउटा नेपाली उखान छ, कहीँ नभएको जात्रा हाँडीगाउँमा भन्ने त्यो उखान नै बदल्नु पर्ने भयो । कहीँ नभएको जात्रा गण्डकी प्रदेशमा । गण्डकी प्रदेश सरकारमा र गण्डकी प्रदेश संसदमा ।

सभामुख महोदय, मलाई एउटा कुराको अलि अध्ययन पनि गर्न मन लाग्यो, संसदीय व्यवस्थामा असल परम्पराको अभ्यासलाई अगाडि बढाउने यो एउटा अभ्यास हो । वास्तवमा वर्षे अधिवेशनलाई बजेट अधिवेशन पनि भनिन्छ । यसका निश्चित मान्यताहरु छन्, यसका निश्चित प्रावधानहरु छन्, हामीले बजेटलाई गोप्य गर्ने, छलफल गर्ने, सरकारले बजेट बनाउँछ त्यसलाई सबै कुरा सरकारलाई अधिकार हुन्छ । प्रतिपक्षले त्यमसा संसदमा छलफल गर्ने, आफ्ना सुझावहरु दिने र त्यो कार्यान्वयन गर्ने । अब यहाँ त जो अगुवा त्यही के भन्ने ? सरकारले बजेट बनाउँछ अनि त्यसले २० दिन सम्म छलफलै गर्दैन । बेखवर हुन्छ त्यो सरकार, वेखवर हुन्छ त्यो संसद, अत्तोपत्तो हुँदैन । यस्तो संसारमा कहीँ हुन्छ कि हुन्न होला ? यस्तो सरकार फेरी गण्डकी प्रदेशमा कहिल्यै बन्छ कि बन्दैन होला ? आज जनताले त्यो प्रश्न गरिरहेका छन् । जनताले भोट त हाले हामी त बनेम् प्रतिनिधि हुन भनेकै

छन्, तर हामीले गरेको काम जनता प्रति जवाफदेही छ कि छैन ? संसारमा हुने यस्तो अभ्यासहरुमा यो मेल खान्छ कि खाँदैन ? त्यतिविधि नालायक भएर पनि तुर्लुङ्ग त्यो कुर्चीमा झुण्डिरहन के का लागि पर्छ ? त्यो त काम गर्नका लागि बनेको सरकार हो नि । तुर्लुङ्ग झुण्डिरहने अनि मुसुमुसु हाँसि पनि रहने, अब के छलफल गर्ने ? के आलोचना गर्ने ? अब एउटा गाउँमा मैले गोरु देखेको थिएँ के बच्चामा । आँखा नदेख्ने, हेरेको हेर्यै गर्ने तर, त्यो गन्तव्यतिर जान सक्दैन हिंड्न बाटोमा हिंडेकै हुन्छ, कान पनि नसुन्ने, हान्यो भने पनि त्यो नदुख्ने, त्यस्तै लम्पट एउटा पशु देखिएको थियो । अर्को यो गण्डकी प्रदेश यो के भन्ने यस्तो देख्न पर्ने, यो हामीले व्यहोर्नु पर्ने यो के आइलागेको हो यस्तो भन्नुस् त ?

सभामुख महोदय , अब के भन्ने ? भनेर के अर्थ छ ? अब यो प्राण छैन भन्ने हो भने मरेको पनि छैन, प्राण छ भन्ने हो भने काम पनि गर्दैन, कुनै अनुशासन पनि मान्दैन, कुनै अभ्यासलाई सही पनि गर्दैन, र अझ उल्टै आज माननीय अर्थमन्त्रीज्यले प्रश्न गर्नुभयो, बजेट वक्तव्य १ दिन आयो, २० दिनसम्म छलफल हुन सकेन । हामीले प्रश्न गरिराखेका छौं, जनताले प्रश्न गरिराखेका छन्, तपाईंले प्रश्न गर्ने होइन जवाफ दिनु न, केही भन्ने ठाउँ छ ? जवाफ दिने ठाउँ छ ? यो भन्दा नालायकीपन, योभन्दा निकम्मापन, यो भन्दा छट्टुपन, यो भन्दा तल्लो दर्जाको व्यवहार संसारमा कहीं कतै भएको छ कि छैन, तपाईंहरुले खोज्नुहोस् त तपाईंहरुले । यो त विचित्रै भयो अब के छलफल गर्ने, के कुरा राख्ने ? अब यसको लागि मंसिरमा जनताले नै सजायँ दिने होला त्यसका लागि यो कुरा जनताकहिँ लिएर जाने होला हामीले प्रतिपक्षले । संसदमा भनेर, कुरा राखेर त्यो त एउटा हुन्छ नि, केही गर्यो भने त्यसले जवाफ दिन सक्छ ? यो सरकार नांगै हिंड्यो, निवस्त्र हिड्यो भन्ने हो भने सरकारले के भन्न पछि पर्दैन भने मान्छे त जङ्गली युगमा नाङ्गै आएको हो नि, कपडा त पछि मात्रै लगाएका हुन् भन्ला भनेर पनि भन्ने हो कि ,जवाफ दिने हो कि भन्ने पनि भइसक्यो क्या अब । अब त्यो बेलामा कुनै चेतनाको विकास नहुँदा, मान्छेको विकास नहुँदा मान्छे जङ्गली युगबाट आयो होलान, तर संसदीय ब्यवस्थामा यो भन्दा धेरै नालायकी, यो भन्दा धेरै ज्यादती, यो भन्दा धेरै बेकुबी केहि पनि हुन सक्दैन, कहिँ पनि हुनसक्दैन, यस्तो त कहीं पनि थिएन र यो त कहीं भएको पनि छैन होला संसारमा । यस्तो

बजेट अधिवेशनमा हामीले सँगैसँगै मुख्यमन्त्रीसँग गएर त्यहाँभित्र करका दायराहरु बाहिर आउँछ कि भनेर गर्ने ठाउँमा, अब हुँदा हुँदा फुटेजै हरायो भनेर आज यहाँ मात्र हो र गण्डकी प्रदेशमा, संघीय सरकारमा पनि त्यो देखिएको छ । शिशीटिभीका फुटेजै लुकाउने, करका दायराहरु गर्न पर्छ भनेर भन्ने यो कस्तो किसिमको यो देशले के दुर्भाग्य व्यहोर्नु परेको हो? लोकतन्त्रमा, प्रजातन्त्रमा, गणतन्त्रमा ? यो त विचित्रै भयो, फेरी झगडा पनि लडभिड भएको भईछ, फेरी सत्तामा पनि एकै ठाउँमा बसेको बसेकै छ छोडन पनि त सकिन्छ नि त ! कुरो नमिल्यो भने, व्यवहार नमिल्यो भने, विचार नमिल्यो भने छोड्न पनि सक्दैन । कति लोभी भन्नु न , कति नालायकी भन्नु न ! कति स्वार्थी भन्नु न के शब्द छन अब त्यो भन्नका लागि भन्नुहोस् त ? छोड्न पनि नसक्ने कति टाँसिएको हो त्यो सुपरग्लुले टाँसेको जस्तो त्यो कुर्चीमा ? अनि केका निष्ठाको कुरा गर्ने ? अनि सत्तापक्षको माननीय सदस्यहरुले भन्नुभयो, सरकारले राम्रो गर्नुभएको छ । मैले यहाँ हेरें क्या अब यो बजेट वक्तब्यको सबै बुँदाहरु पल्टाएर हेर्दाखेरी २०४ वटा बुँदाहरु हेर्दाखेरी, अब यो एउटा लहडमा के अब मंकी पार्क बनाउने रे ! संसारमा बाँदरहरुलाई कहीँ मंकी भ्याकेस्टोमी गरिन्छ, कहीँ मन्दिरमा लगेर राखिन्छ, कहीँ जङ्गलमा फलफूलमा निश्चित एरियाभित्र राखिन्छ । अनि लहडमा , अहिले जहाँ गए पनि जनताले बाँदरले दुःख दियो भनेका छन् क्यारे अनि पार्क बनाइदिन्छु, कहाँ छ त्यस्तो पार्क ? तपाईंले कुन भिजनबाट बनाउन खोज्नु भएको हो ? खाली लहटी कुरा किनभने गर्नु नै छैन । मंसिरपछि यो सरकार सत्तामा आउनु नै छैन, जनताले यसलाई जहाँ देख्यो त्यहीँ यो सरकारका पार्टीहरु आउलान् अरु तर यी प्रतिनिधिहरुलाई त यी नालायक हुन् भनेर जनताले त्यहीँ ठेगान लगाउने छन् । त्यो सम्म हिसाव किताव जनताले राखेर बसेका छन। **(माननीय सदस्यले शव्द चयनमा संसदीय अभ्यासको अलि ख्याल गर्नुस)** सभामुख महोदय, धेरै संसदीय अभ्यासका कुरा नगरौं महोदय ! अब यो भन्दा पराकाष्ठा के हुन्छ ? संसदीय अभ्यासमा त संसदको पनि त भूमिका हुन्छ होला नि ? सरकारलाई भन्न सकिन्छ होला नि, सरकारलाई माग गर्न सकिन्छ होला नि, सरकारले विजनेश दिने हो सभामुख महोदय, त्यता हामी दोहोरो छलफल तिर नजाऔं । तर अब बजेट वक्तव्यमा हामीले अघिल्लो सरकारले पर्यटन मन्त्रालयमा ११ जिल्लामा हामीले ५–५ लाख रुपैयाँ खर्च

गरेर पर्यटन गन्तव्यहरु बनाउने भनेर राख्यौं । हामीले त्यो बेलामा नै सैद्धान्तिक निर्णय गरेर मुख्यमन्त्री कार्यालयमा हामीले पठायौं । एउटा पर्यटकीय गन्तव्यमा कमसेकम डिपिआर बनेको ठाउँमा १ करोड रुपैयाँ राख्ने भनेर हामीले त्यो बेलामा भनेका थियौं । त्यो पर्यटकीय गन्तव्य बनाउँदाखेरि ५ लाख रुपैयाँ डिपिआरमा पुग्दैन होला, हामीले ११ वटामा ५५ लाख खर्च गरेर डिपिआर बनाएका छौं। अहिले ४५ नं. बुँदामा पर्यटकीय डिपिआर बनेका पर्यटकीय गन्तव्यहरुको विकास गर्नका लागि २ करोड २० लाख रुपैयाँ विनियोजन गरेको छु ।अब यो यही भन्नु न ! अब गरेको देखेको छैन भन्ने भने त्यो डिपिआर बनेको पनि यो सरकारले भेट्टाएछ, देखेछ । तर बजेट राखेको २ करोड २० लाख रुपैयाँले त्यो डिपिआर बनेकोमा कस्तो विकास हुने हो सभामुख महोदय ? यो बजेट वक्तव्यमा, यो दुनियाँमा कही नभएको, मैले यसो हेरें टिपें, बजेट वक्तव्य पढ्दाखेरी, २ वटा मन्त्रालयमा ४० जना जति कर्मचारी रहेछन्, त्यसको कुनै एउटा संरचना पनि तल छैन, मैले यसो हेरेको कुनै कहीं भित्र भित्र कर्मचारीको तलव सलब यसमा नभएको भए त्यसमा आउला । तर त्यसमा हेर्दाखेरि जम्मा २० करोड भन्दा माथि बजेट छैन । २० करोडले कस्तो मन्त्रालय चलाउने हो ? किन चाहिए १२–१२ वटा मन्त्रालय ? संविधानमा त कामको क्षमता दायरा बढाउँदै जाँदाखेरि मन्त्रालय बढाउने भनेर हामीले संबिधान बनाउने बेलामा व्यबस्था गरेको हो ।पछि त ७ वटा मन्त्रालयबाट काम थालनी गर्ने भनेर एउटा आयोग बनाएर त्यो आयोगले प्रस्ताव गरेको हो ।हामीले अनावश्यक रुपमा सरकार बनाएर अनि ४० करोड पनि बजेट नछुट्याएर अनि त्यसले वर्षदिन भित्र त्यो मन्त्रालयले के काम गर्ने हो, त्यो मन्त्रीले के भूमिका गर्ने हो ? त्यो मन्त्रालयले के गर्ने हो ? के का लागि हो त्यो मन्त्रालय ? बजेटमा हेर्नुहोस् त त्यस्तो थिएन। हामीले त पहिला पनि भनेका थियौं, बजेट बढाउनु पर्यो, मन्त्रालयको संख्या बढाउनु हुन्न । तर अहिले एकदमै जता हेर्नुहोस् लथालिंग, भताभुंग बाहेक केही पनि देख्न सकिंदैन, त्यसमा कुनै जवाफदेहीता नभएपछि छलफलको के अर्थ ? त्यही भएर सत्तापक्षको माननीय सदस्यहरुले बोल्ने आँट पनि गर्नुभएनछ । एकजना बोल्नु भयो, अरु त प्रतिपक्ष मात्रै बोल्ने, अब के बोल्ने ? बोल्दाखेरी पनि त बोल्ने एउटा बाटो त हुनुपर्यो नि । यो त संविधान प्रतिको धोका हो, यो त प्रदेश

सरकार प्रतिको धोका हो, यो प्रदेशको संघीयता प्रतिको धोका हो यो, यो जनता प्रतिको विश्वासघात हो, जनता प्रतिको अपमान हो यो, यो भन्दा ठूलो संसदीय व्यवस्था केही पनि हुँदैन ।

माननीय सदस्यहरु, माननीय सभामुख मार्फत म मुख्यमन्त्रीलाई भन्न चाहन्छु । यो केही पनि हुन्न, यो बोले पनि यस्तै हो संसदमा बोल्छन्, विरोध गर्छन् भन्ने नठान्नुहोस् । ती सबै कुराको रेकर्ड हुन्छन, यी सबै कुराको जनताले हेक्का राख्छन् । यो यस्तो किसिमको सत्तामा गएर जे पनि गरे पनि कुर्चीमा बसिरहन पाइन्छ, मुख्यमन्त्री भइरहन पाइन्छ, मन्त्री भईरहन पाईन्छ भन्ने नठान्नुहोस् । त्यो काम गर्नाका लागि हो, त्यो एउटा जिम्मेवारी पूरा गर्नका लागि हो, त्यो एउटा असल अभ्यासलाई स्थापित गर्नका लागि हो त्यो जिम्मेवारि, त्यो जे पनि गर्नका लागि होइन । यसरी दुनियाँमै कहिँ नभएको काम आज गण्डकी प्रदेशमा भयो। हामीले २०।२० दिनसम्म पत्रकार बोलाएर गुहार्नुपर्ने, जनतालाई सडकमा गुहार्नुपर्ने, बाहिर बाहिरका हल्ला बाहिरबाट सुनेपछि गर्नुपर्ने, प्रतिपक्षलाई यो भन्दा ठूलो पीडा, यो भन्दा ठूलो नालायकी सरकारमा प्रतिपक्ष भएर बस्नका लागि प्रतिपक्षलाई यो भन्दा ठूलो पीडा के हुन्छ ? अब यो हुनै नसक्ने गर्नै नहुने काम गण्डकी प्रदेशमा भयो । अब यो छलफल गरेर पनि के अर्थ छ ? तपाईंले, सिद्धान्त र प्राथमिकतासँग नीति कार्यक्रमले त्यसको कुनै भेटघाट छैन, कुनै साईनो सम्बन्ध छैन, अब त्यो नीति कार्यक्रमसँग कुनै बजेटको साइनो सम्बन्ध छैन । यहाँ एकजना सत्तापक्षकै माननीयले भन्दै हुनुहुन्थ्यो नीति, कार्यक्रममा ल्याउने,बजेटमा नल्याउने भने त अपराध होइन यहाँ त महाअपराध भइसक्यो महाअपराध अब यो बजेट कहाँ जाने हो ? यो के गर्ने हो ? मंसिर सम्म पनि जनताका लागि सबैभन्दा ठूलो पीडा हुने भयो ।

सभामुख महोदय, यसरी नै यो बजेट पास हुने होला, यसरी नै यो समय बित्ने होला, यसरी नै जनतामा निराशा बढ्ने होला, यस्तो किसिमको ज्यादती, यस्तो किसिमको नालायकीपन यस्तो किसिमको काम नहोस् सरकारबाट । हामी सरकारले अब पनि महसुस गरोस् अब पनि तपाईंहरु झगडा गरे पनि त्यसलाई बाहिर नल्याउनुस्, तपाईंले काम गरे पनि एउटा दुईटा काम गरे पनि राम्रो काम गर्नुस् । यो ६ महिनामा हामीले अहिले अब सरकार फेरेर, सरकारको विरोध गरेर, सडकमा आन्दोलन गरेर

संसदमा आवाज सुनिएन भने सडकमा जाने हो । यो मंसिरमा निर्वाचन हुँदैछ अब त्यसका लागि, के का लागि सरकार बदल्ने ? मंशिर सम्म पनि हाम्रो जनताका लागि यो पिडा हुने भयो, यो बोझै हुनेभयो, यो घाणै हुने भयो अब त्यसका लागि हामीले कुर्नु बाहेक अर्को विकल्प छैन, आलोचना गर्नु वाहेक अर्को विकल्प छैन, यो भन्दा गाली गर्ने त अरु के शव्द हुनसक्छन र ? यति कुरा भन्ने अवसर कसले दियो प्रतिपक्षलाई ? यो सरकारले दियो,सभामुख महोदय । यस्तो त दुनियाँमा संसदीय अभ्यासको कुरा गर्ने हो भने यस्तो अभ्यास कहाँ भएको छ ? एउटा मात्र उदाहरण मलाई देखाइदिनुहोस्, एउटा मात्र उदाहरण देखाइदिनुहोस्, प्रतिपक्ष किन सीमा भन्दा बाहिर जान खोज्छ, किन प्रतिपक्षले संसदमा आलोचना गर्छ ? त्यो उसका हक हो, उसको अधिकार हो तर यस्तो त कहिँ पनि छैन, यस्तो त कहिँ पनि छैन। यस्तो त अब हुँदै नभएको चिज त हामीले ब्यहोर्न पर्‍यो,यो भन्दा नालायकी, यो भन्दा गम्भीर, यो भन्दा छरपष्ट अरु के हुन सक्छ सभामुख महोदय ? संसदमा । अब यो बजेटमा के छलफल गर्ने ? तपाईंहरुले गरेका **(माननीय सदस्य समय सकियो)** व्यवहारहरुले गर्दाखेरि अब काफि नै छ । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री धनञ्जय दवाडीलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय धनञ्जय दवाडी**

सभामुख महोदय, गण्डकी प्रदेश सभामा आर्थिक वर्ष २०७९।८० को बजेट वक्तव्यका सन्दर्भमा आफ्ना धारणा राख्न उभिएको छु । यो ५ वर्षको सम्भवतः यो अन्तिम हुनेछ । सबभन्दा धेरै जाँगर नलागेर बोल्न उभिएको दिन पनि आजै रहेको छ भन्ने पनि मैले सभामुख मार्फत जानकारी गराउन चाहन्छु ।एउटा संसद सार्वभौम संसद, लोकतन्त्रको संसदलाई कार्यपालिकाले वन्धक बनाईरहँदा, कार्यपालिकाले अचेटीरहँदा, संसदका तर्फबाट कुनै प्रतिरोध भएन । संसद भनेको त लोकतन्त्रको सबभन्दा उच्चतम रुप हो भनेर हामी सबैले स्वीकारेको ।संसदमा छलफलै नहुने, संसद सचिवालयले सूचना प्रवाहित गरेर समितिमा वजेटको छलफल गर्ने भन्ने सूचना सायद अरु देशका अरु मुलुकको संसदीय अभ्यासमा पनि यस्तो छैन होला, हामी

त्यहाँ पुग्यौं । गालीगलौज, आरोप प्रत्यारोपको बिषय पनि होइन, यो सिद्धान्तको कुरा हो । जतिबेला अहिलेका सत्तासिन गठवन्धनका माननीयहरु, हिजोको सरकारमाथि अविश्वास प्रस्ताव दर्ज गरिरहनु भएको थियो, त्यतिबेला मैले भनेको थिएँ, यो अपवित्र गठवन्धन हो, निल्न त हँसिया निलिस् भोलीबिहान चाल पाउलास् भनेकै थिएँ यही रोष्टमबाट । आज त्यो हँसिया निस्किँदैछ परिणाम त्यस्तै आउँदैछ । सम्भवतः काँग्रेस आफूलाई लोकतन्त्रको मसिहा ठान्थ्यो हिजोसम्म । आज काँग्रेस आफ्नो सिद्धान्तबाट च्यूत भएको छ । काँग्रेसलाई तिम्रो सिद्धान्तबाट तिमले छोड्यौ भनेर सम्झाइदिनु पर्ने पनि प्रतिपक्षका सांसदले सम्झाइदिनुपर्ने यस्तो दुर्भाग्यपूर्ण अवस्थामा हाम्रो संसदमा आइपुगेको छ । काँग्रेसले लोकतन्त्रको संचालन गर्छु, यो संसादीय व्यवस्थाको मसिहा हुँ भनिरहेको काँग्रेस, लोकतन्त्रको न्यूनतम मूल्य र मान्यतालाई स्वीकार्न गर्न सक्दैन । यो प्रणाली जुन प्रणाली हामीले विकास गर्यौं, अभ्यास गर्यौं यो मुलुकमा, वेस्ट–मिनिष्टर प्रणाली पनि भन्यौं हामीले तर हाम्रा केही फरक ढंगले हामीले संविधानमा व्यवस्थित गरेका छौं । वेस्ट–मिनिष्टर प्रणाली पनि संचालन गर्न नसकिने सरकारको नेतृत्व पनि हामीले ल्यायौं, देख्यौं, भोग्यौं । उमेरले त जेष्ठ नागरिक हुनुभएको छ, मुख्यमन्त्रीज्यू । तपाईं आफ्नो मन्त्रीमण्डललाई आफूले कमाण्ड गर्न नसक्ने हो भने, मैले भूपि शेरचनको कविताका याद गर्नु पर्छ, हामी आफै जुट्न नसक्ने अरु कसैले जुटाइदिनुपर्ने । तपाईंको गठवन्धन तपाईं आफै जुटाउनु भएको थिएन, सिद्धान्तले जुटाउनु भएको थिएन, विधिले जुटाउनु भएको थिएन । तपाईंले लोभले, तपाईंले लालचले, तपाईंले कुण्ठाले यो गठवन्धन निर्माण गर्नुभएको थियो, सरकारको नेतृत्व गर्नुभएको थियो सरकार बनाउनु भएको थियो, अरु कसैले जुटाइदिएको थियो त्यसकारणले तपाईं यो गठवन्धनमा हुनुहुन्छ । तपाईं गठवन्धन चलाउन सक्नुहुन्छ, हुन्न, बैठक चलाउन सक्नुहुन्न,बैठकमा छलफल गर्न सक्नुहुन्न, आफ्नो मन्त्रीहरुलाई अनुशासनको दायरामा राख्न सक्नुहुन्न । मन्त्री हुनु भनेको, सांसद हुनु भनेको न्यूनतम आचार संहिता पालना गर्नु पर्छ होला नि ? मैले पनि सबैले, यो काम गर्नु पर्दैन ?यति पनि गर्न नसकेर हामी कहाँ जान्छौं ? संसदको नेतृत्व, पार्टीको नेतृत्व, मूक अमूक पार्टी संघीयताको कुरा गर्छौं काठमाडौं धाउँछौ र त्यहाँका नेताका आशिर्वाद लिएर हामी छलफल गर्छौं, अनि संघियताका बिषयमा

छलफलमा हामी संघियतालाई सुदृढ गर्छौं भनेको तपाईंका कुराहरु, तपाईंका वचनहरु, तपाईका भाषणहरु के जनताका लागि लायक छन् संसदीय संघर्षमा संघीयताका पक्षधर हुन् ? तपाईं जब आफै निर्णय गर्न सक्नुहुन्न । तपाईंले हिजो काठमाडौंमा पानी पर्दा यहाँ छाता ओढ्नुभएको थियो, अहिले छाता ओढ्न फेरी काठमाडौं जानुभएर फेरि फर्केर आएर बल्ल संसद खोल्ने सूचना जारी गर्नु भयो, सरकार रहेछ भन्ने अनुभूति भयो । सरकारको अनुहार हेर्नका लागि रोष्टममा आएको हुँ, बजेटका छलफल गर्नका लागि होइन । सरकारले यो बजेट पुस्तिकामा जे कुरा व्यवस्थापन गरेको छ, यो लहडमा, मलाई के लाग्छ मलाई केमा रहर छ त्यही कुरामा व्यवस्थापन गरेर बजेट बनाइरहेको छ । बजेटका निश्चित मैले सिद्धान्त र प्राथमिकता भनें, मैले प्रश्न उठाएँ, कुन कुन सिँढीमा टेकेर हामी समृद्धीको यात्रामा जान्छौं ? अर्थमन्त्री जवाफ दिनुस् भनें, जवाफ दिनुभएन । नीति, शिद्धान्त र नीति, कार्यक्रम आउँदाखेरी जवाफ आउला भनेर आशा गरें जवाफ दिनुभएन, बजेटले त्यो जवाफै दिंदैन । तपाईंलाई आफूले हिंड्ने बाटो, हिंडने गोरेटो, एउटै सिंढी तपाईंलाई याद छैन, तपाईंले टेक्ने खुडकिला याद छैन भने स्वभाविक छ । तपाईंले यो लोकतन्त्रलाई, यो संघीयतालाई वदनाम गर्नुहुन्छ, यो संघीयतालाई वदनाम गर्ने नाममा अहिलेको गण्डकी प्रदेश सरकार १ नम्बरमा निस्क्यो नेपालमा । हामीले यो संघीयतालाई सुदृढ गर्नुपर्थ्यो, बलियो बनाउनुपर्थ्यो, छलफल गर्नुपर्थ्यो, तपाईं यो व्यवस्थामा त कसले जानेको छैन र ? टाउको गन्ने व्यबस्थामा छौं, तपाईंसँग धेरै सांसद छन्, तपाईंका बजेट तपाईंले पास गरिहाल्नु हुन्छ नि । त्यसको के आपत्ति छ ? आपत्ति त तपाईंले सिद्धान्तलाई प्रतिनिधित्व नगरेकोमा आपत्ति छ, तपाईंले नियमलाई पालना नगरेकोमा आपत्ति छ । आपत्ति त तपाईंले आफ्नो निष्ठालाई, आफ्नो विवेकलाई वन्धक बनाएकोमा आपत्ति छ । म माओवादी केन्द्रका धेरै पार्टीको तर्फ बाट प्रतिनिधित्व गरिरहने पार्टीसँग मैले धेरै लोकतन्त्रका बारेमा आशा विश्वास गर्दिन । उहाँहरु लोकतन्त्रलाई अभ्यास गर्दै हुनुहोला, लोकतन्त्रमा अभ्यास गर्न आउँदै हुनुहोला । तर यो मुलुकमा लोकतन्त्रलाई लडेको त काँग्रेस हो नि, काँग्रेसले त्यसै भन्छ, तर होईन रहेछ नि ! ००७ सालमा गरिएको परिवर्तन पछि कंग्रेशले आफुलाई राणा जस्तै ठान्ने दुस्प्रयास गऱ्यो परिणाम हामीले लोकतन्त्र गुमायौं। ०४६ को

परिवर्तनपछि काँग्रेसले फेरि आफूलाई पञ्चे जस्तै ठान्ने प्रयत्न गर्यो फेरी हामीले लोकतन्त्र गुमायौं । लोकतन्त्र गुमाइरहँदाखेरी ०४८ सालमा वहुमतमा ल्याएको लोकतन्त्रलाई आफ्नै कारणले गुमाउने नेपाली काँग्रेस हो । ०५६ सालमा लोकतन्त्रलाई गुमाउने बाटोमा लैजाने नेपाली काँग्रेस हो । के कारणले रहेछ भन्या त यस्तै यस्तै कारण रहेछ नि ।तपाईंका खिचातानी, तपाईंका कुण्ठा, तपाईंका आवेग, तपाईंका माग र आग्रहहरु पूरा नहुँदाखेरी तपाईं यो बाटोमा जानु हुँदोरहेछ । मलाई नभए कसैलाई पनि हुँदैन भन्नुहुँदो रहेछ । यसले हाम्रो लोकतन्त्रलाई बलियो र सुदृढिकरण हुँदैन ।त्यसकारणले यो पुस्तालाई जुन पुस्ताका बिच हामी छौं, जुन समयका बिच हामी छौं, जुन समयका बिच संसदमा हामी छौं हाम्रो पुस्तालाई देखाउने बाटो भन्ने कुरा यिनै हुन? यसरी नै भन्न सक्छौं ? एउटा मन्त्रिमण्डलमा मन्त्रीले भगावत गर्छ र अस्वीकार गर्छ, यो प्रणालीलाई अस्वीकार गर्छ, अस्वीकार गरिरहेको मन्त्री तपाईंको मन्त्री भइरहन सक्छ ? अनि गज्जव गर्नुभयो, क्यावात गर्नुभयो, ठिक गर्नुभयो भनेर रोष्टममा उभिएर प्रतिपक्षले सलाम ठोक्नु पर्छ कि, तपाईंको आलोचना गर्नुपर्छ ? सुध्रिनुस्, सही बाटोमा हिँड्नुस्, प्रणाली रहेन, लोकतन्त्र रहेन भने काँग्रेस त हामी हुँदै रहोला, कम्युनिष्ट हुँदै रहौंला, नभए हामी कुनै पार्टी बनाऔंला नि, पार्टी बनाउने कुरा पनि ठूलो कुरा होइन । ठूलो कुरा त यो प्रणालीको ब्यवस्थापन हो, प्रणालीको विकास हो, प्रणालीको सुदृढीकरण हो, यसो भएको यो मुलुकमा पनि यस्तो होला नि त । उनीहरुले नि धैरै दुखका साथ आफ्नो प्रणाली विकास गरेका होलान् । गतवर्ष बजेट तपाईले एकैदिनमा मार्सल लगाएर पास गर्नुभयो तपाई शायद यो वर्ष पनि त्यही अभ्यासमा हुनुहुन्थ्यो कि ? तपाईंहरुलाई त्यो सपना थियो होला ? हामीले बोलेपछि, गरेपछि भइहाल्छ किनभने हामीसँग गठवन्धन छ । तपाईंको गठवन्धन सिद्धान्तमा भएको भए, विचारमा भएको भए, बिधिमा भएको भए, यो दुर्दशा हुँदैनथ्यो । तपाईंसँग सिद्धान्त बिहिनको, गठवन्धनका बिचमा त के गर्नुपर्यो ? बराबरी भागशान्ति गर्नुपर्यो, बराबरी बाँड्नुपर्यो, त्यो बाहेक अरु केही पनि कुरा हुँदैन, अघि धैरै पुर्ववक्ता माननीयज्यूहरुले भनिसक्नु भएको छ । मैले धैरै कुराहरु उठाइरहन तापनि आज खाली हामीलाई मात्रै विरोध गरे भन्ने तपाईंलाई लाग्न सक्छ । तपाईंले आत्मनिर्भरतामा जाने भन्नुभएको छ । एउटा मात्रै कुरा उठाउन चाहन्छु मैले ।

कृषिमा खुव जोड दिएँ भनेर जोडबलका साथ भन्नुभएको छ । ०३५।३६ सालको बजेट वक्तव्य हेर्यो भने हामीले नेपालबाट २४ करोड ३८ लाख ६३ हजारको धान–चामल निर्यात गरेका रहेछौं । आज हामी ०७८ सालमा छौं, हामीले कति आयात गर्छौं, कति अरवको आयात गर्छौं ? तथ्यांक अर्थमन्त्रीज्यूले जान्नु हुन्छ । उहाँले त्यहाँ जोड दिएको छु कृषिमा भनेर भन्नुभएको भएर । धनखेतीका निमित्त वर्षमा कति दिन लाग्छ १२० दिन, अब मकै र गहुँमा कति दिन लाग्छ ७०–८० दिन अनि बाँकी रहेका दिनको श्रम, मल, बीउको आपूर्ति तपाईंले कहाँबाट गर्नुहुन्छ र कृषिमा आत्मनिर्भर बनाउनुहुन्छ, अर्थमन्त्रीज्यु ? तपाईंको बजेटमा त यो कुरा देखिंदैन। तपाईंले कुनै कुरा गर्नुभएन, तपाईंले ढाँट गर्नुभयो, छल गर्नुभयो, वेइमानी गर्नुभयो। जनताको साउँको मुल्य दिन उठ्ने ठाउँमा लगानी गर्न चाहनु भएन । तपाईंले मिठासपूर्ण भाषा राखेर, बजेट वक्तव्य बनाएर समृद्धि प्राप्त हुन्छ र ? तथ्यमा जानुपर्यो नि । आज हाम्रा श्रमिकहरु किन खाली हात बसिराखेका छन् ? जमीनहरु किन बाँझा भएका छन्? किन उत्पादन गर्ने बिउहरुको व्यवस्थापन छैन, मलहरुको व्यवस्थापन छैन भनेर मैले तपाईंको सिद्धान्त र प्राथमिकतामा भनेको थिएँ, उत्पादन र उत्पादकत्वको साध्य र साधन बिचको भिन्नता केलाउनुस् अर्थमन्त्रीज्यु साध्य र साधनको बिचको भिन्नता केलाउनुस् त्यसमा लगानीको बजेट ल्याउनुस् भनेको थिएँ तपाईले त ल्याउनु भएन, तपाईंले भाषण मात्रै ल्याउनु भयो । त्यस्तो भाषण लक्ष्यदार भाषणका निमित्त हामीलाई समय छैन, किन समय छैन भने, यो मुलुकको जनसंख्याले, यो मुलुकको परिस्थितिले दुनियाँको परिस्थितिले यो १५ वर्षभित्र हामीले बिकास गर्न सकेनौं भने हामी जनसंख्या युवा काम गर्ने पंक्तिको जनसंख्या घट्दो र जेष्ठ नागरिक र बालबच्चालाई हुर्काउने जनसंख्यामा प्रवेश गर्छौं । डरलाग्दो १५ वर्ष पछिको डरलाग्दो यो तथ्यलाई तपाईंले अन्देखा गर्नुभयो, आँखा चिम्लनु भयो र बाँड्न चाहनु भयो प्रत्येक गठवन्धनका माननीयहरुलाई ५–५ करोड बाँड्न लाग्नुभयो, के योजना गर्नुभयो तपाईंले ? यो भन्दा चरम वेइमानी तपाईं केही हुनुहुन्न । मैले योजना मागेको छैन, एउटा योजना पनि मागेको छैन, मेरो निर्वाचन क्षेत्रमा यो दिनुस् भनेको छैन । सम्भवतः प्रतिपक्ष माननीयले भनेका छैनन् होला । तर तपाईंले सरकारमा भएर तपाईंले आफ्ना माननीयहरुलाई ५–५ करोड योजना बाँड्न न्यायसंग ढंगले यो

मुलुकको, यो प्रदेशको गरीविबाट मुक्ति प्राप्त हुन्छ ? उत्पादन र उत्पादकत्व बढ्छ ? अनि तपाईंले प्राथमिकताको निर्धारण गरेको भन्ने कुरा कहाँबाट पुष्टि हुन्छ ? अबको ५० वर्षपछि कसैले अनुसन्धान गरोस् तपाईंले ल्याएको बजेटले, तपाईंले ल्याएको कार्यक्रमले, तपाईले हिंडने गरेको बाटोले यो प्रदेशलाई झन् गरीविमा धकेल्ने भयो, झन गरिबीको खाडलतिर धकेल्ने भन्ने तथ्यलाई प्रमाणित गर्छ अर्थमन्त्रीज्यू । यसकारणले तपाईंको बजेटले हाम्रो प्रदेशको समृद्धी गर्दैन । तपाईं जागिर खानुहुन्छ, मन्त्रीज्यूहरुले झण्डा हल्लाउनु हुन्छ, तपाईंले आफ्नो सचिवालय चलाउनु हुन्छ त्यो भन्दा थप काम गर्नुहुन्न किन तपाईं चालु खर्च मात्रै खर्च गर्न सक्नुहुन्छ, यो वर्ष तपाईको प्रगति विवरणले त्यही देखाउँछ ? तपाईको चालु खर्च भएकै छ, पुँजिगत खर्चमा तपाईको परिस्थिती कहाँ छ, तपाईं कहाँ उभिनुभएको छ ? तपाईंले हेर्नुभएकै होला बजेटका सन्दर्भमा भन्ने कुरा आग्रह गर्न चाहन्छु । यसकारणले जबसम्म चालु खर्चमा मात्र ध्यान केन्द्रित गरिन्छ, जबसम्म ईष्टिमेट डिपिआर गर्ने कुरामा मात्रै ध्यान केन्द्रित गरिन्छ, जबसम्म रिपोर्ट तयार गर्ने कुरामा मात्र ध्यान केन्द्रित गरिन्छ त्यो तपाईंको बिकास तर्फ ध्यान केन्द्रित गरिरहनु भएको छैन भन्ने कुरा प्रमाणित हुन्छ, वहुवर्षिय योजनामा तपाईंले बजेट नछुट्याउर, वहुवर्षिय योजना पूरा गर्ने बाटोमा नहिँडेर, तपाईंले गण्डकी प्रदेशको विकासमा अवरोध सृजना गर्नुभएको छ । त्यसकारणले, तपाईंले यो अवरोध सृजना गरिरहनु भन्दा सबभन्दा वेटर के हुन्थ्यो भने सरकार हामीले चलाउन सक्दैनौं, हामीले छोड्यौं भन्नुभएको भए जनता खुशी हुन्थे, सुखी हुन्थे मेरो माग पनि त्यही हो । धन्यवाद ।

**माननीय सभामुख :-**

माननीय सदस्यहरु,अब यो वैठक मिति २०७९ साल असार २१ गते विहान ११ बजेसम्मको लागि स्थगित हुन्छ ।